# नीलकण्ठ नगरपालिका कार्यालय
# धादिङ
## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मितिः२०७५/११/२३

नीलकण्ठ नगरपालिका कार्यालय धादिङबाट आ.ब. २०७५/७६ मा तल उल्लेखित कार्यहरुको शिलबन्दी दरभाउपत्रको माध्यमबाट निर्माण कार्य गर्नु पर्ने भएकोले ईच्छुक नेपाली निर्माण व्यवसायीवाट निम्न शर्तको अधिनमा रही रितपुर्वक गोप्य शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म तल उल्लेख गरे बमोजिमको नगदी रकम (पछि फिर्ता नहुने गरी) बुझाएको रसिद, आ.व. २०७४/७५ सम्मको लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र र आ.व.२०७४/७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक निर्माण व्यबसायी वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रित पुर्वक निवेदन दिई यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न इच्छुक दरभाउपत्रदाताले तल उल्लेख भए अनुसारको दरभाउपत्रदस्तुर राष्ट्रिय वाणिज्य वैंक धादिङवेसी शाखामा कार्यालयको धरौटी खाता नं. **1030304018102** मा जम्मा गरेको वा अन्य वैंक वा वित्तिय संस्थावाट उक्त खातामा जम्मा हुने Tele Transfer गरी यस कार्यालयको लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. खरिद भएका दरभाउपत्र फारम यो सूचना प्रकाशित मितिले १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा स्वघोषणा सहित दरभाउपत्र पेश गर्न सकिनेछ । दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सोही दिनको १४.०० वजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. दरभाउपत्र फारमसाथ उल्लेख भए अनुसारका जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंकको धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं. **1030303007102** मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त वैंकबाट प्राप्त वैक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्रोसंग बुझी, हेरी साइट निरीक्षण गरी दरभाउपत्र भरेको मानिनेछ ।

५. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्पको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्र शर्त रहित, यस कार्यालयले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थपघट भए सहीछाप भएको हुनु पर्नेछ, समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।

८. कार्यालयको हितलाई ध्यानमा राखी कुनैपनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. दरभाउपत्रमा आवश्यक कुनै शंसोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनेछ।

१०. प्रचलित ऐन नियम अनुसार लाग्ने संपुर्ण करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

११. संयुक्त उपकम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

१२. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र कागजात अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइनेछैन ।

१३. शिलवन्दी दरभाउपत्र खरिद र दर्ता गर्न अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा दरभाउपत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ।

१४. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

**कामको विवरण**

| सि.न. | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मू.अ.कर सहित) | धरौटी रकम रु. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | **२०/०७५/७६** | श्री सरस्वती मा.वि. भवन निर्माण, नी.न.पा–१४ | १९,३६,४७९।११ | ५२,०००।०० | १०००।०० |
| २. | **२१/०७५/७६** | श्री महेन्द मा.वि. भौतिक सुधार, नी.न.पा–२ | १४,५१,०९१।८९ | ३९,०००।०० | १०००।०० |
| ३. | **२२/०७५/७६** | पिमल खोला पात्ले शंखदेवी स्कुल सिंढी निर्माण कार्य | १४,४७,७७०।८४ | ३९,०००।०० | १०००।०० |
| ४. | **२३/०७५/७६** | ठाडो खोला पौवा रिजालथोक सडक स्तरोन्नती कार्य | १४,४१,५८५।६५ | ३९,०००।०० | १०००।०० प्रमुख प्रशासकीय अधिकृत |

प्रमुख प्रशासकीय अधिकृत